

समय विज्ञताको खोजीमा (३)

✍ बाँस्कोटा धनञ्जय
baskota69@gmail.com

**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९

जि.प्र.का.झापा द.नं.६९। ०५७।०५८

सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता

राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com

**गंगा ट्राभल्स एण्ड टुर्स**

**हाम्रा सेवाहरु:**
- राष्ट्रिय तथा अन्तराष्ट्रिय सस्तोमा हवाई टिकट
- भारतका लागि रेल, बसको टिकट
- बैदेशिक रोजगारीको लागि श्रम स्वीकृति
- टुर प्याकेज तथा मनि ट्रान्सफर(IME)को सुविधा

Pre-Purchased fare"Ktm to Doha, Dubai, Kuwait "UAE Visit Visa available

ARE YOU GOING TO INDIA?
SPECIAL PRE PURCHASE TO INDIA
INDIGO, SPICE JET, AIR INDIA, AKASA

CASH BACK OFFER
RS. 100 -5000
9842645136

GANGA TRAVEL AND TOURS
EMAIL ID: gangatravel36@gmail.com
WHAT'S UP : 9842645136 / 023-575311
LOCATION : DAMAK 5 JHAPA BELDANGI ROAD

❑ वर्ष-२१ ❑ अंक - २२५ ❑ २०८३ भाद्र १४ गते सोमबार ❑ Monday, 30 Aug. 2026 ❑ मूल्य ७ /-

## मुलुकभर विपद्का ४३ हजार हाराहारी घटना

# १० वर्षमा १४ हजारभन्दा बढीको मृत्यु

✍ पूर्वसन्देश समाचार

**दमक/** नेपाल भूकम्पीय जोखिमका हिसाबले विश्वको ११औँ र बाढी-पहिरोका आधारमा १६औँ स्थानमा पर्ने अति संवेदनशील मुलुक हो । नेपालको इतिहासमा १२८० सालको भूकम्पदेखि हालसम्म थुप्रै विनाशकारी विपद्हरु घटेका छन्, जसले ठुलो जनधनको क्षति पुऱ्याएको छ ।

विगत १० वर्षको तथ्यांक हेर्दा २०७२ वैशाख १ देखि २०८१ चैत ३१ सम्म देशभर विपद्का ४२,८७२ वटा घटना भएका छन्, जसमा १४,०४२ जनाले ज्यान गुमाएका छन्, ६१० जना बेपत्ता छन् र ३६,९९१ जना घाइते भएका छन् । यस अवधिमा ८ लाख २४,६८१ घर पूर्ण रुपमा ध्वस्त भएका छन् र ३ लाख ७९,३०५ घरमा आंशिक क्षति पुगेको छ ।

ऐतिहासिक तथा प्रमुख विपद्का घटनाहरुअन्तर्गत १९९० माघ २ को ८.४ म्याग्निच्युडको महाभूकम्पबाट नेपालमा मात्र ८,५१९ जनाको मृत्यु भएको थियो । त्यसैगरी, २०७२ वैशाख १२ को ७.८ म्याग्निच्युडको गोरखा भूकम्पबाट ९,०५३ जनाको मृत्यु, २२ हजारभन्दा बढी घाइते र ८ लाख ५२ हजारभन्दा बढी घरमा क्षति पुग्यो भने ७ खर्ब ६ अर्ब रूपैयाँभन्दा बढीको आर्थिक क्षति भयो । पछिल्लो समय २०८० कात्तिक १७ को जाजरकोट भूकम्पबाट १५० भन्दा बढीको ज्यान गयो ।

यसैगरी बाढी तथा पहिरोतर्फ २०५० सालमा कुलेखानी क्षेत्रमा बाढीपहिरोबाट एकैपटक १,३३६ जनाको मृत्यु भयो, जुन बाढीब्पहिरोको इतिहासकै सबैभन्दा ठुलो क्षति हो । २०६५ भदौमा सप्तकोशी बाँध फुट्दा नेपाल र भारतमा ठुलो जनधनको क्षति भयो ।

त्यस्तै, २०८१ असोज १० देखि १२ गतेसम्मको महाबाढी र पहिरोमा परी २४९ जनाको मृत्यु र ४६ अर्ब रूपैयाँभन्दा बढीको क्षति भयो भने २०८३ भदौ १० गते तिब्बत सीमा क्षेत्रमा आएको आकस्मिक भीषण बाढीका कारण ७ सयभन्दा बढीको मृत्यु भएको पुष्टि भएको छ ।

क्षेत्रगत विवरणअनुसार पहिरोका ३,९०० घटनामा १,५०८ जनाको मृत्यु, २२१ बेपत्ता र १ अर्ब ७६ करोडभन्दा बढीको आर्थिक क्षति भएको छ भने बाढीका १,७५२ घटनामा १,५८२ जनाको मृत्यु, २३६ बेपत्ता र २ अर्ब १३ करोडभन्दा बढीको आर्थिक नोक्सानी भएको छ । २५,७१९ आगलागीका घटनामा ८३५ जनाको ज्यान गएको छ र २३ अर्ब ८६ करोड रूपैयाँभन्दा बढीको सर्वाधिक आर्थिक नोक्सानी यसै क्षेत्रमा भएको छ ।

डढेलोका १,९७८ घटनामा ३० जनाको मृत्यु भएको छ । साथै, चट्याङबाट ७९१, हावाहुरीबाट १०२, वन्यजन्तु आक्रमणबाट २८४, कोभिड-१९ महामारीबाट १२,०३१ र २०७५ को टोर्नेडो तथा २०८१ को सिमलताल बस दुर्घटनाजस्ता विशिष्ट घटनाहरुबाट समेत मुलुकले ठुलो मानवीय र भौतिक क्षति ब्यहोर्नु परेको छ ।

## विनाशकारी बाढी अपडेट:

# ज्यान गुमाउनेको संख्या ७ सय ८८ पुग्यो



**दमक/** रसुवाको भोटेकोशी बाढीमा ज्यान गुमाउनेको संख्या सात सय ८८ पुगेको छ । नेपाल प्रहरीका अनुसार आइतबार दिउँसो ३ बजेसम्म रसुवामा १३ जना, धादिङमा ५० जना, गोरखामा ५८ जना, नुवाकोटमा ५२ जना, चितवनमा २ सय ६४ जना, तनहुँमा ३७ जना, नवलपरासी पूर्वमा १ सय ९४ जना र नवलपरासी पश्चिममा १ सय २० जनाको शव फेला परेको छ । विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार हालसम्म २५ सय दुई जना सम्पर्कविहीन छन् ।

नेपाल प्रहरी २५ जना, नेपाल सेना ४५ जना, सशस्त्र प्रहरी बल नेपाल १३ जना, भन्सार कार्यालयका १५ जना, अध्यागमन कार्यालयका ४ जना, रसुवामा ५ सय ६२ जना, नुवाकोटमा १ सय १५ जना, जलविद्युत आयोजनाबाट ९ सय ३३ जना, मकवानपुरबाट ६५ जना, विदेशी नागरिक ५९ जना, विदेशी पर्यटकसँग घुम्न गएका १ सय २७ जना, लाङटाङ राष्ट्रिय निकुञ्जबाट ३ र क्वारेन्टाइन कार्यालयबाट ३ जना सम्पर्कविहीन छन् । प्राधिकरणका अनुसार हालसम्म आठ हजार ७ सय ३० जनाको उद्धार भएको छ ।

# रवि लामिछानेले गरे बाढी प्रभावित १५ पालिका प्रमुखसँग छलफल



**दमक/** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले भोटेकोशी बाढी प्रभावित क्षेत्रका पालिका प्रमुखसँग उद्धार तथा राहत व्यवस्थापनबारे छलफल गरेका छन् । बाढी प्रभावित क्षेत्रमा उद्धार तथा राहतका विषयमा आएका टिकाटिप्पणीलाई सहज र सरल बनाउन राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले अग्रसरता लिएका छन् । उनले बाढीबाट प्रभावित रसुवा, धादिङ, नुवाकोटलगायत जिल्लाका पालिका प्रमुख, उपप्रमुख तथा पार्टीका जिल्ला सभापतिसँग टेलिफोन संवाद गरी अवस्थाबारे जानकारी लिएका छन् ।

एकातिर तीन दिनदेखिको राहत वडाअध्यक्षहरूले नबाँडेको समाचार सामाजिक सञ्जालमा भाइरल भएका छन् भने अर्कोतिर तिनै स्थानीय तहका जनप्रतिनिधिले सरकारले विपद्मा प्रभावकारी काम गर्न नसकेको गुनासो गर्न थालेपछि लामिछानेले अग्रसरता लिएका हुन् । पार्टीका तर्फबाट उद्धार तथा राहतमा सहजीकरण गर्न गठन गरिएको परिचालन संयन्त्रको बैठकअघि लामिछानेले रसुवा, नुवाकोट, धादिङ, गोरखा र तनहुँका प्रभावित पालिकाका प्रमुखसँग छलफल गरेका हुन् ।

छलफलका क्रममा पालिका प्रमुखहरूले प्रभावित क्षेत्रमा देखिएका समस्या, शव व्यवस्थापन, बाटो, पुल, विद्युत् तथा अन्य कनेक्टिभिटीका विषय उठाएको रास्वपाका प्रवक्ता जगदीश खरेलले जानकारी दिए ।

खरेलका अनुसार लामिछानेले प्रभावित क्षेत्रमा उद्धार, राहत तथा व्यवस्थापनका काममा सरकारी निकाय र स्थानीय तहसँग समन्वय गरेर अघि बढ्न पार्टीले गठन गरेको बाँकी ४ पेजमा ▸▸

## झापाको सहारा सहकारी गऱ्यो १५ लाख सहयोग

**दमक/** भोटेकोशी बाढीबाट प्रभावित नागरिकको उद्धार, राहत र पुनःस्थापनाका लागि सहारा नेपाल बचत तथा ऋण सहकारी संस्थाले रु १५ लाख सहयोग गर्ने भएको छ। सहारा नेपाल (साकोस) ले विनाशकारी बाढीबाट प्रभावित नागरिकलाई सहयोग पुर्याउने उद्देश्यले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रु १५ लाख सहयोग गर्ने निर्णय गरेको हो ।

साकोसका कार्यकारी प्रमुख महेन्द्रकुमार गिरीका अनुसार 'मेरो गौरव, मेरो सहारा, सबैका लागि सधैंका लागि' भन्ने नारासहित सामाजिक उत्तरदायित्व कार्यक्रमअन्तर्गत बाढीपीडितका लागि सहयोग गर्ने निर्णय गरिएको हो ।

## झापाली समाजको १५ लाख सहयोग

**भद्रपुर/** भोटेकोशी बाढीपीडितको राहत तथा पुनः स्थापनाका लागि अन्तर्राष्ट्रिय झापाली समाजले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा १५ लाख सहयोग गर्ने भएको छ । समाजका अध्यक्ष महेन्द्रप्रसाद चम्लागाईको अध्यक्षतामा बसेको भर्चुअल बैठकले उक्त रकम प्रदान गर्ने निर्णय गरेको महासचिव चिरन खवासले जानकारी दिए । समाजले बाढीपहिरोमा ज्यान गुमाउनेप्रति श्रद्धाञ्जली व्यक्त गर्दै पीडितको उद्धार, राहत र पुनः स्थापनामा निरन्तर साथ दिने प्रतिबद्धता जनाएको छ। समाजका राष्ट्रिय समिति विश्वका ४० भन्दा बढी मुलुकमा सक्रिय छन् ।

## चीनबाट राहत सामग्री आइपुग्यो

**दमक/** चीनबाट ५० टन आपतकालीन राहत सामग्री नेपाल आइपुगेको छ। राहत सामग्री बोकेका दुईवटा ढुवानी विमान आज नेपाल आइपुगेको हो । राहत सामग्रीमा टेन्ट, कम्बल, स्लीपिङ ब्याग, खाद्य सामग्री तथा प्राथमिक उपचारका सामग्री रहेका छन्। साथै, ४ जना सुरुङ (टनेल) विशेषज्ञ पनि नेपाल आएको कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले बताए ।

# १५ हजारभन्दा बढी अझै बेपत्ता भएको सरकारी तथ्यांक

**दमक/** गत बुधबार भोटेकोसी र आसपासका क्षेत्रमा आएको विनाशकारी बाढीबाट भएको मानवीय क्षतिको सरकारी तथ्यांकले विपद्को भयावह अवस्था देखाएको छ । सरकारको उद्धार अनुरोध पोर्टलमा रहेको पछिल्लो अभिलेखअनुसार १५ हजार ३ सय २९ जना अझै हराइरहेका छन् । हालसम्म २ हजार ५ सय ७ जना फेला परेको विवरण पोर्टलमा उल्लेख छ भने १ हजार ८ सय ८ जनाको भेट तथा समस्या समाधान भएको जनाइएको छ । बेपत्ता हुनेमा बालबालिकाको संख्या पनि ठूलो छ । अभिलेखअनुसार १८ वर्षमुनिका ६७६ बालबालिका र ६० वर्षभन्दा माथिका ४ सय ९ ज्येष्ठ नागरिक अझै हराइरहेका छन् ।

पोर्टलमा पछिल्लो २४ घण्टामा मात्रै ६ हजार ३ सय ३० जनासम्बन्धी हराएको विवरण रिपोर्ट भएको देखिन्छ । यसले बाढी प्रभावित क्षेत्रमा अझै ठूलो संख्यामा मानिसको अवस्था अज्ञात रहेको संकेत गर्छ । बाढीका कारण कतिपय बस्ती, सडक, पुल तथा जलविद्युत् आयोजनासमेत प्रभावित भएका छन् भने बेपत्ताको खोजी तथा उद्धार कार्य अझै जारी छ ।

## गोरख गणले निकाल्यो ७२ शव

**दमक/** प्रविधिको प्रयोग गर्दै चितवन राष्ट्रिय निकुञ्ज सुरक्षार्थ खटिएको नयाँ गोरख गणको टोली विपद्को समयमा शव खोजी तथा उद्धार कार्यमा सक्रिय बनेको छ ।

गणपति राजेन्द्र बानियाँको नेतृत्वमा खटिएको नयाँ गोरख गणको टोलीले यस क्षेत्रमा हालसम्म ७२ वटा शव निकाल्न सफल भएको जनाएको छ ।

विपद्का कारण बेपत्ता भएका तथा नदी-खोलामा बाँकी ४ पेजमा ▸▸

## कोशी प्रदेशका १ सय ४५ नागरिक अझै सम्पर्कविहीन

**दमक/** रसुवास्थित भोटेकोशी नदीमा आएको विनाशकारी बाढीका कारण कोशी प्रदेशका बेपत्ता भएका १ सय ६७ जनामध्ये हालसम्म १ सय ४५ जना अझै सम्पर्कविहीन रहेका छन् ।

कोशी प्रदेश प्रहरी कार्यालयले दिएको विवरण अनुसार कुल १ सय ६७ जनामध्ये २१ जना मात्र सम्पर्कमा आएका छन् । सम्पर्कमा आएकामध्ये २ जनाको उद्धार गरिएको छ भने १ जना घाइते अवस्थामा भेटिएका छन् । बाढीका कारण इलाम घर भएका एक जनाको मृत्यु भएको पुष्टि भएको छ । बाँकी ४ पेजमा ▸▸

## प्रधानमन्त्री राहतकोषमा कांग्रेसले एक करोड दिने

**दमक/** नेपाली कांग्रेसले बाढीपीडितको सहयोगका लागि प्रधानमन्त्री राहत कोषमा रु एक करोड जम्मा गर्ने भएको छ।

पार्टीको केन्द्रीय कार्यालयमा आज बसेको बैठकबारे जानकारी दिँदै प्रवक्ता देवराज चालिसेले एक करोड रूपैयाँ प्रधानमन्त्री राहत कोषमा जम्मा गर्ने निर्णय भएको बताए।

'सरकारले राहत तथा उद्धारका कार्यलाई तीव्रता दिनु आवश्यक छ, सुरुङमा फसेका नागरिकको उद्धारका लागि चाँडोभन्दा चाँडो प्रयास गर्दै तीव्रता दिनुपर्ने आवश्यकता छ, खोज तथा उद्धार परिणाममा केन्द्रीत हुनुपर्छ, हाम्रो क्षमताले भ्याएन भने अन्तरराष्ट्रियस्तरका विज्ञहरूको पनि सहयोग लिनुपर्छ', उनले भने।

प्रवक्ता चालिसेले पीडितलाई दिने राहतलाई प्रभावकारी बनाउन स्थानीय तहलाई जिम्मेवारी दिने कुरामा ध्यान दिनुपर्ने भन्दै पीडितसम्म तत्कालै राहत पुऱ्याउन आग्रह गरे। उनले विभिन्न जिल्लाका नागरिक पनि पर्यटन र व्यावसायिक सिलसिलामा रसुवा र नुवाकोट पुगेको समयमा बाढीबाट पीडित हुन पुगेको बताउँदै तिनको पनि खोजविन र सुरक्षाका लागि ध्यान दिनुपर्नेमा जोड दिए।

## ट्याक्टर दुर्घटनामा चालकको मृत्यु

**मोरङ/** मिक्लाजुङ गाउँपालिका-१ सुके-जौवारी सडकमा ट्याक्टर दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ भने अन्य एक जना गम्भीर घाइते भएका छन्। जिल्ला प्रहरी कार्यालयका अनुसार शनिबार राति भएको दुर्घटनामा ट्याक्टर चालक पाँचथरको मिक्लाजुङ गाउँपालिका-८ हंशबारीका २६ वर्षीय शुक्र दमाईंको मृत्यु भएको हो। गम्भीर घाइते भएका सहचालक पाँचथरको मिक्लाजुङ-७ एकरातेका २१ वर्षीय किरण राईलाई विराटनगर पुऱ्याइएको छ।

## चीन–नेपाल सीमामा ताल १४ वटा

**दमक/** भोटेकोशीको चीन-नेपाल सीमामा गएको पहिरोका कारण बनेको ताल १४ वटा फुटबल ग्राउन्ड बराबरको क्षेत्रफलमा रहेको चिनियाँ समाचार माध्यम सिजिटिएनले जनाएको छ। तर, सिजटिएनले पहिलो ताल भने नियन्त्रणमा आइसकेको पनि उल्लेख गरेको छ। तर, सोही स्थानभन्दा करिब ५ किलोमिटर माथिल्लो तटीय क्षेत्रमा दोस्रो ताल पनि फेला परेको उक्त सञ्चार बाँकी ४ पेजमा ▸▸

## *भोटेकोशी बाढीमा भोजपुरका चार जना सम्पर्कविहीन*

***भोजपुर/*** *भोटेकोशी बाढीपछि भोजपुरका चार जना सम्पर्कविहीन भएका छन् । रोजगारीका सिलसिलामा रसुवा पुगेका उनीहरु बाढीपछि परिवार तथा आफन्तको सम्पर्कमा नआएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।*

*जिल्ला प्रहरी कार्यालयका प्रमुख ज्ञानबहादुर खड्काका अनुसार रसुवाको मैलुङस्थित सैनिक पोष्टमा कार्यरत टेम्केमैयुङ गाउँपालिका-९ का ३१ वर्षीय प्रभाकर दंगाल, दुसन हाइड्रोपावर कम्पनीमा कार्यरत भोजपुर नगरपालिका-७ का ५९ वर्षीय गोविन्द राई, सोही हाइड्रोपावरमा कार्यरत षडानन्द नगरपालिका-९ किमालुङका ४७ वर्षीय निमा लाक्पा शेर्पा र तुनवी कन्स्ट्रक्सन रसुवामा कार्यरत पौवादुङमा गाउँपालिका-५ सानोदुम्माका ६६ वर्षीय गोपी राई सम्पर्कविहीन भएका हुन् ।*

*भोटेकोशी बाढीपछि विभिन्न क्षेत्रमा कार्यरत उनीहरु हालसम्म परिवार तथा आफन्तको सम्पर्कमा नआएको प्रहरीले जनाएको छ । सम्पर्कविहीन उनीहरुको खोजी भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।*

## घुम्ति दुर्गा राईस मिल प्रा.लि.को

### कम्पनी खारेजको ३५ दिने सूचना

कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७९/०१/०९ मा दर्ता भएको घुम्ति दुर्गा राईस मिल प्रा.लि. दर्ता नं. २८९७५५ नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कम्पनीमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनुपर्ने कुनै दायित्व भए प्रमाणसहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारी लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्यादभित्र हकदावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

सञ्चालक
**लखिराम मर्डी**
सम्पर्क : ९८१६०६९१८३

# सम्पादकीय

## विपत्तिमा आशाको खोजी

रसुवाको भोटेकोशीमा आएको बाढीले नदीको धार मात्र बदलेन, सयौँ परिवारको जीवनको बाटोसमेत भत्काइदिएको छ । अकस्मात् आएको प्राकृतिक विपत्तिले ठूलो जनधनको क्षति गराएको छ । आफ्ना प्रियजन गुमाएका परिवारका लागि बाढी केवल एउटा प्राकृतिक घटना होइन, जीवनभर बिर्सन नसकिने पीडा बनेको छ । घर, सम्पत्ति र जीविकोपार्जनका आधार गुमाएका परिवार अहिले सडकमा आइपुगेका छन् । बाँचेकाहरुका आँखामा भविष्यको अन्योल र मनमा अझै त्रास छ ।

यस्तो अवस्थामा रसुवाको सडक सम्पर्क पुनःस्थापित हुनु निश्चय नै राहतको खबर हो । काठमाडौँ-टोखा-छहरे-गड्खारपुल-आप्र-नर्जा-लच्याङ-सरमथली-पाटीखर्क हुँदै बोगटीटार(कालिकास्थान(धुन्चेसम्मको सडकखण्डमा साना चारपांग्रे सवारी सञ्चालन हुन थालेपछि प्रभावित क्षेत्रमा राहत, उद्धार र अत्यावश्यक सामग्री पुऱ्याउन सहज हुने अपेक्षा गरिएको छ । तर सडक खुल्नु मात्र पुनर्निर्माणको अन्तिम उपलब्धि होइन, यो त पुनःस्थापनाको पहिलो खुड्किलो मात्र हो ।

भोटेकोशीको बाढीले रसुवा मात्रै होइन, नुवाकोट, धादिङ, गोरखा लगायतका जिल्लामा समेत गम्भीर असर पारेको छ । पुलहरु बगेका छन्, सडक सम्पर्क टुटेको छ, कतिपय बस्ती जोखिममा परेका छन् । सयौँको मृत्यु र ठूलो संख्यामा नागरिक सम्पर्कविहीन भएको अवस्थामा उद्धार र खोजी कार्यलाई अझ तीव्र बनाउनुपर्ने आवश्यकता छ । नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीसहितका सुरक्षा निकाय परिचालन हुनु सकारात्मक छ, तर यस्ता विपत्तिमा राज्यको भूमिका उद्धारसम्म सीमित हुनु हुँदैन ।

अहिलेको पहिलो प्राथमिकता मानिसको खोजी, उद्धार, सुरक्षित आवास, खाद्यान्न, औषधि र स्वच्छ खानेपानी हुनुपर्छ । त्यसपछि मात्रै घर, सडक, पुल, विद्यालय, स्वास्थ्य संस्था र जीविकाका साधन पुनर्निर्माणतर्फ राज्य अघि बढ्नुपर्छ ।

हामीले विपद्पछि प्रतिक्रिया दिने संस्कार कहिलेसम्म दोहोऱ्याइरहने ? भन्ने प्रश्न समेत खडा गरेको छ । बाढी, पहिरो र डुबानको जोखिमबारे वर्षौंदेखि चेतावनी दिइँदै आएको छ । जोखिमयुक्त बस्ती, नदी किनारका संरचना र कमजोर पूर्वाधारबारे वैज्ञानिक अध्ययन गरेर दीर्घकालीन समाधान खोज्न अब ढिला गर्नु हुँदैन ।

भोटेकोशीमा बाढी आएको हो, तर यसको असर राज्यको विपद् व्यवस्थापन क्षमतामाथि पनि परेको छ । त्यसैले राहतमा कुनै विभेद नहोस्, पीडितको तथ्यांक यथार्थ रुपमा संकलन होस् र क्षतिको मूल्यांकन पारदर्शी बनोस् । सडक खुल्नु आशाको संकेत हो । तर प्रभावितको घरमा चुलो बल्नु, परिवार सुरक्षित हुनु र उनीहरुको जीवन पुनः लयमा फर्कनु मात्रै वास्तविक पुनःस्थापना हुनेछ ।

### सामाजिक सञ्जाल

## विपत्तिमा पीडितलाई नागरिकको साथ आवश्यक



दमक । बाढी, पहिरो तथा प्राकृतिक विपत्तिका कारण देशका विभिन्न क्षेत्रमा ठूलो जनधनको क्षति भइरहेका बेला प्रभावित नागरिकको उद्धार, राहत र पुनःस्थापनाका लागि राज्यसँगै नागरिकस्तरबाट समेत सहयोग आवश्यक देखिएको छ । घरबारविहीन भएका, आफन्त गुमाएका तथा बेपत्ता परिवारको खोजीमा रहेका नागरिकलाई तत्काल राहत र सुरक्षित आवासको आवश्यकता छ ।

प्राकृतिक विपत्तिले कतिपय परिवारको वर्षौंको मेहनतबाट निर्माण भएको घर, सम्पत्ति र जीविकोपार्जनका आधार एकैपटक खोसिएको छ । कतिपय परिवार आफ्ना बेपत्ता आफन्तको खोजीमा छन् भने कतिपयले आफन्तको शवसमेत बुझ्न पाएका छैनन् । यस्तो अवस्थामा पीडितलाई तत्काल खाद्यान्न, कपडा, औषधि, खानेपानी तथा सुरक्षित बसोबासको व्यवस्था गर्नु राज्यको पहिलो दायित्व हो ।

विपत्तिको समयमा सुरक्षाकर्मी, स्वास्थ्यकर्मी, स्वयंसेवक, सञ्चारकर्मी तथा स्थानीय नागरिक उद्धार र राहतमा खटिएका छन् । आफ्नो ज्यानको जोखिम मोलेर उद्धारमा खटिएका सुरक्षाकर्मी तथा विपद्मा परेकालाई सहयोग गर्न अघि बढेका स्थानीय नागरिकको भूमिका महत्वपूर्ण बनेको छ ।

यस्तो कठिन अवस्थामा नागरिकले पनि आफ्नो क्षमताअनुसार सहयोग गर्न सक्छन् । राहत सामग्री, आर्थिक सहयोग वा स्वयंसेवाका माध्यमबाट पीडितलाई सहयोग पुऱ्याउन सकिन्छ । तर राहतका नाममा हुने गलत सूचना, अफवाह तथा अनधिकृत संकलनबाट भने सावधान हुन आवश्यक छ । सहयोग गर्दा विश्वसनीय सरकारी निकाय तथा मान्यताप्राप्त संस्थामार्फत मात्र सहयोग गर्नु उचित हुन्छ । विपत्तिले मानिसको आर्थिक अवस्था, सामाजिक हैसियत वा भौगोलिक सीमाभन्दा माथि उठेर मानवीय एकताको आवश्यकता देखाएको छ । आज अरुको घर बगेको छ भन्दै आफू सुरक्षित छु भनेर ढुक्क हुने अवस्था छैन । प्राकृतिक विपत्ति जुनसुकै बेला जोकोहीको ढोकासम्म पुग्न सक्छ ।

त्यसैले अहिले पीडितलाई दोष वा आलोचना होइन, सहयोग र सहानुभूति आवश्यक छ । राज्यले उद्धार र राहतलाई प्रभावकारी बनाउँदै दीर्घकालीन पुनःस्थापनाको योजना अघि बढाउनुपर्छ भने नागरिक समाजले त्यसमा हातेमालो गर्नुपर्छ । विपत्तिको घडीले समाजको वास्तविक चरित्र देखाउँछ । संकटमा परेको मानिसलाई एक्लो नछोडी उसको हात समाउनु नै मानवीयताको सबैभन्दा ठूलो परिचय हो । देश संकटमा हुँदा सरकार मात्र होइन, हरेक नागरिक जिम्मेवार बन्नुपर्छ ।

### समयचक्र

# समय विज्ञताको खोजीमा



बाँस्कोटा धनञ्जय
baskota69@gmail.com

**हामी हिमनदीलाई भत्किनबाट रोक्न सक्दैनौँ तर हिमनदी भत्किँदा मानिस मर्नैपर्छ भन्ने छैन । रुनै पर्छ भन्ने छैन । क्षति व्यहोर्नै पर्छ भन्ने पनि छैन ।**

२०८३ भाद्र १० गतेका दिन नेपाल( तिब्बत सीमाक्षेत्रका लागि एउटा अकल्पनीय प्राकृतिक विपत्तिको दिन बन्यो । बाजा बजाएर आएको थियो त्यो दिन ।

त्यो दशा थियो ।

त्यो दशा हेर्दा हेर्दा मनै खिन्न भएका बेलामा पूर्व सांसद डा. आरजू राणाले २ बर्ष अघि संसदमा बोलेको कुरा संझेँ । उनले हिमनदी र हिमतालका बारेमा आँकलन गरेर भनेको कुरा आज जस्ताको तस्तै पुग्यो । फेरि केहीलाई 'खरो' भएर 'उसबेला चाहिं किन नगरेको ?' भन्ने प्रश्न आउन थाल्छ । तर विज्ञको काम 'भनिदिने' हो, 'गरिदिने' होइन । शासकले विज्ञको कुरा सुनेर देशलाई 'बनाउने' हो ।

उच्च हिमाली क्षेत्रबाट एकाएक पानी, बरफ, चट्टान, माटो र गेग्रानको विशाल भेल ओरालो लाग्दै नेपालको रसुवा र सिन्धुपालचोक हुँदै बग्न थाल्यो । केही क्षणमै नदी किनारका बस्ती, सडक, पुल, जलविद्युत् संरचना तथा सीमावर्ती पूर्वाधारहरु सखाप भए । हजारौं मानिसको ज्यान गएको र बेपत्ता भएको विवरण आइरहेका छन् ।

दुर्गम हिमाली भौगालिक अवस्था, भत्किएका सडक तथा पुल र थप बाढीको सम्भावनाले उद्धार तथा राहत कार्यलाई कठिन बनाइरहेको छ ।

यस्ता बाढीहरु त पहिले पनि आउँथे । तर ती यति बिध्वंसक पनि हुन्थेनन्, र यसको उत्पत्ति र प्रकृतिलाई लिएर बहुल व्याख्या भएको यो पहिलो घटना हो । किनभने यो यो सामान्य मनसुनी बाढी थिएन, यो त हिमालयको उच्च क्षेत्रमा सुरू भएको प्राकृतिक घटनाको शृत्ला थियो । पानीबाट सुरू भएको नभएर पहाडबाट सुरू भएको विपत्ति हो यो । वैज्ञानिक तथा सञ्चारमाध्यमहरूका विवरणले घटनाको तत्कालीन कारण अत्याधिक मनसुनी वर्षा मात्र नभएको, र उच्च हिमालयमा ठूलो परिमाणमा हिमनदीको बरफ र वरपरको चट्टानी भाग अचानक भत्किएपछि विपत्तिको शृत्ला सुरू भयो । बरफ, चट्टान र माटोको विशाल मात्रा ल्हेन्दे खोलाको नदी प्रणालीमा खसेपछि त्यसले नदीको बहाव केही समयका लागि अवरूद्ध गऱ्यो । अनि पानी जम्मा हुँदै गयो र एउटा अस्थायी ताल निर्माण भयो । अंत्यमा अवरोध फुट्यो र सञ्चित पानीसँगै विशाल परिमाणमा बरफ, चट्टान, हिलो तथा गेग्रान अत्यन्त तीव्र गतिमा तलतिर बग्यो । यसरी उत्पन्न भएको भेल ल्हेन्दे खोला हुँदै भोटेकोशी-त्रिशूली नदी प्रणालीतर्फ तीब्र गतिमा फैलियो ।

हिमनदी भत्किनु, नदी थुनिनु, ताल बन्नु र ताल फुट्नु एकअर्कासँग जोडिएका प्रक्रिया थिए ।

विपत्तिपछि अर्को प्रश्न पनि उठ्यो-के यस घटनाको पछाडि भूकम्प थियो ? घटनास्थल आसपास भूकम्पीय संकेत देखिएपछि भूकम्पका कारण हिमनदी भत्किएको हुन सक्ने अनुमान गरिएको थियो । चीनको प्रतिकृया पनि यस्तै यस्तै खाले आयो ।

तर संयुक्त राज्य भूगर्भ सर्वेक्षण संस्था (USGS) को पछिल्लो विश्लेषणले फरक तस्वीर प्रस्तुत गरेको छ । उक्त अध्ययन अनुसार, पहिचान गरिएको भूकम्पीय संकेत ठूलो पहिरो तथा हिमनदी-चट्टान भत्किँदा उत्पन्न भएको थियो । अर्थात्, भूकम्पले हिमनदी भत्काएको होइन; हिमनदी तथा चट्टानको विशाल भत्काइले नै भूकम्पीय ऊर्जा उत्पन्न गरेको थियो । घटनाबाट उत्पन्न भूकम्पीय संकेत करिब ५.२ परिमाणको भूकम्पसँग तुलनीय रहेको बताइएको थियो ।

अव चेत खुल्नु पर्ने हो । यदि भूकम्प मुख्य कारण हो भने भूकम्पीय जोखिमलाई प्राथमिकता दिनुपर्थ्यो नि त । तर हिमनदी-चट्टान भत्काइ, नदी अवरोध र हिमताल फुट्नु मुख्य प्रक्रिया भएको अवस्थामा हिमनदी तथा हिमतालको निरन्तर निगरानी किन भएन ? चीनले समेत किन सचेतना अपनाएन ?

यस घटनाको प्रत्यक्ष कारण जलवायु परिवर्तन नै हो भनेर वैज्ञानिकहरूले अन्तिम निष्कर्ष भने निकालिसकेका छैनन् । तर हिमालयमा बढ्दै गएको जलवायु परिवर्तनको प्रभाव यस घटनाको सन्दर्भमा घनिष्ट छ ।

हिमालय तीव्र रूपमा तातिरहेको क्षेत्र हो । तापक्रम बढ्दा हिमनदी पग्लिने गति बढ्छ । त्यससँगै उच्च हिमाली क्षेत्रमा जमेको स्थायी भूभाग-पर्माफ्रस्ट(कमजोर हुन सक्छ । यसले चट्टानी ढलानको स्थायित्वलाई खलल पुऱ्याउँछ । अनि पहिले स्थिर रहेका पहाडी संरचनाका चट्टान खस्ने, पहिरो जाने र हिमनदी भत्किने कर्म सुरु हुन्छ । यसैलाई वैज्ञानिकहरूले 'क्यास्केडिङ हाजार्ड' अर्थात् शृत्लाबद्ध प्राकृतिक जोखिम भनेका हुन् ।

यो प्रकृया साँच्चै होः तापक्रम बढ्नु - हिमनदी अस्थिर हुनु - हिमनदी तथा चट्टान भत्किनु - नदी थुनिनु - अस्थायी ताल बन्नु - बाँध फुट्नु - विनाशकारी बाढी आउनु ।

यसरी एउटा प्राकृतिक परिवर्तनले अर्को जोखिम सिर्जना गर्छ र अन्ततः धेरै ठूलो विपत्ति निम्त्याउँछ । त्यसैले यो घटनालाई केवल 'बाढी' भन्नु हुँदैन, यो उच्च हिमाली क्षेत्रमा उत्पन्न भएको बहु(जोखिमयुक्त प्राकृतिक विपत्ति हो ।

प्राकृतिक घटनाको शक्ति मात्र होइन, हिमालयको भौगोलिक संरचनाले पनि क्षति बढाएको छ अचेल । ल्हेन्दे खोला र भोटेकोशीजस्ता नदीहरु साँघुरा तथा भिराला उपत्यकाबाट बग्छन् । यस्तो सीमित भूभागमा एकैपटक ठूलो परिमाणमा पानी र गेग्रान प्रवेश गर्दा त्यसको वेग र विनाशकारी शक्ति अत्यन्त बढ्छ ।

यसपटक आएको भेल पानी मात्र थिएन । त्यसमा विशाल ढुङ्गा, चट्टान, बरफ, माटो र गेग्रान मिसिएको थियो । यस्तो भेलले पुल उखेल्न र बगाउन, सडक बगाउन, भवन पुरिन र जलविद्युत् संरचनामा क्षति पुऱ्याउन निमेष लाग्दैन । अनि यससँगै अर्को मानवीय कमजोरी पनि जोडिएको छ(नदी किनारमा बढ्दो पूर्वाधार निर्माण र बसोबास ।

सडक, पुल, जलविद्युत् आयोजना, बस्ती र पर्यटन संरचनाहरु नदी उपत्यकामा विस्तार भइरहेका छन्। विकास आवश्यक छ, तर जोखिमको पर्याप्त मूल्यांकन नगरी गरिएको विकास भविष्यमा विपत्तिको संवेदनशील केन्द्र बन्छ ।

नेपाल उच्च हिमाली प्रणालीबाट उत्पन्न हुने धेरै नदीको तल्लो क्षेत्रमा अवस्थित छ । हजारौँ मानिसको जीवन र जीविकोपार्जन यिनै नदीहरूसँग जोडिएको छ । तर उच्च हिमाली क्षेत्रमा प्रत्यक्ष निगरानी गर्न जाँगर र साधन दुबै छैन ।

त्यसैले नेपालले अब हिमनदी र हिमतालको निगरानीलाई विपद् व्यवस्थापनको केन्द्रमा नराखी धरै छैन । उपग्रह प्रविधि, रिमोट सेन्सिङ, स्वचालित जलस्तर मापन, सेन्सर प्रणाली, मोबाइल सूचना र स्थानीय साइरनजस्ता प्रविधिलाई एकीकृत गरेर सूचना प्रणली बनाउनु पर्छ । तर प्रविधि मात्र पर्याप्त हुँदैन । समुदायले जानकारी पाएपछि के गर्ने भन्ने पनि जान्नुपर्छ । विद्यालय, गाउँ, होटल, जलविद्युत् आयोजना, प्रहरी, सेना र स्थानीय सरकारबीच नियमित विपद् अभ्यास आवश्यक छ ।

यस घटनाले अर्को महत्त्वपूर्ण सत्य पनि देखाएको छ(प्राकृतिक विपत्तिले राजनीतिक सीमा चिन्दैन । हिमनदी एक क्षेत्रमा हुन्छ, त्यसबाट बनेको नदी अर्को क्षेत्रमा बग्छ र त्यसको प्रभाव सयौँ किलोमिटर टाढासम्म पुग्छ । अहिले यस्तै त भयो नि ।

नेपाल र चीनबीच हिमनदी, हिमताल, पहिरो, नदी अवरोध तथा सम्भावित बाढीसम्बन्धी सूचना आदानप्रदानको प्रभावकारी संयन्त्र सकृय पार्नु पर्छ । डा. आरजूले यही भनेकी थिइन् । विपद् व्यवस्थापनमा सीमापार सहकार्य अब विकल्प होइन, आवश्यकता हो ।

हिमनदीलाई भत्किनबाट रोक्न सकिँदैन । हिमालयको भूगर्भीय प्रक्रिया पनि मानिसले नियन्त्रण गर्न सक्दैन । तर यसको मानवीय मूल्य घटाउन भने सक्छ । त्यसका लागि ती क्षेत्रको वैज्ञानिक निगरानी, प्रभावकारी पूर्वसूचना, जोखिम( संवेदनशील पूर्वाधारको निर्माण, अन्तर्राष्ट्रिय सहकार्य गर्नु पर्छ । विपत्ति रोक्न नसकिए पनि मृत्यु रोक्न सकिन्छ ।

यो घटना केवल पानीको कथा होइन । यो बरफ, चट्टान, नदी, जलवायु, भूगोल र मानवीय गतिविधि संबन्धहरु एकअर्कासँग कसरी जोडिएका छन् भन्ने कथा पनि हो ।

हिमालय स्थिर छैन । यो निरन्तर परिवर्तन भइरहेको भौगर्भिक तथा जलवायुगत प्रणाली हो । त्यसैले यस क्षेत्रमा विकास गर्दा पनि हामीले प्रकृतिको परिवर्तनशीलतालाई पूर्ण ध्यान दिनुपर्छ । हिमनदी भत्किन सक्छ, पहिरो जान सक्छ, हिमताल फुट्न सक्छ, नदीले आफ्नो बाटो परिवर्तन गर्न सक्छ । यी प्राकृतिक प्रक्रियालाई मानिसले पूर्ण रूपमा रोक्न सक्दैन । तर मानिसले पूर्वानुमान गर्न, निगरानी गर्न, चेतावनी दिन र सुरक्षित हुन भने पर्याप्त सक्छ ।

हामी हिमनदीलाई भत्किनबाट रोक्न सक्दैनौँ; तर हिमनदी भत्किँदा मानिस मर्नैपर्छ भन्ने छैन । रूनै पर्छ भन्ने छैन । क्षति व्यहोर्नै पर्छ भन्ने पनि छैन ।

अबको चुनौती विपत्ति रोक्नु मात्र होइन-विपत्तिलाई मानवीय त्रासदी बन्नबाट रोक्नु हो ।

हुनत 'लाशका टाउका पल्टाउँदै सून थुत्ने, पैसा छाम्ने र लाश पल्टाउँदै ग्यासका ट्यांकी बटुल्ने' 'नरपिचास' हरूको मुलुकमा 'कुरा गऱ्यो कुरैको दुख' मात्रै हो । कि कसो, भगीरथे काका ?

(भगीरथे काकाले जीवनभर अर्काकोमा बनी गरेर आधापेट खाएर बाँचे, तर शीरको टोपी कहिल्यै फुकालेनन् र संधैभरी बेस्सरी आवाज निकालेर हाँसे ।) आज देशले विज्ञहरु खोजेको छ । यत्ति हो ।

दमक, झापा

# नेपालयबाट ७५ नयाँ युवा लेखक सार्वजनिक

दमक । नेपालयले २५ वर्षमुनिका ७५ नयाँ लेखकका कथा, कविता र निबन्ध समेटिएका तीन पुस्तक सार्वजनिक गरेको छ । नेपालयको २० वर्षे साहित्यिक यात्राको अवसरमा गत वर्ष आह्वान गरिएको '२५ वर्षका २५' अभियानअन्तर्गत छनोट भएका २५ कथाकार, २५ कवि र २५ निबन्धकारका रचना साउनको अन्तिम हप्ता सार्वजनिक गरिएको हो ।

शनिबार कालिकास्थानस्थित नेपालयको आरशालामा आयोजित कार्यक्रममा तीनै विधाका पुस्तक लोकार्पण गरिएको थियो । कार्यक्रममा युवा लेखकको उल्लेख्य सहभागिता रहेको थियो । साहित्यिक कार्यक्रममा देखिने परम्परागत अनुहारभन्दा युवा पुस्ताको बाक्लो उपस्थितिले नयाँ पुस्तामा पठन र लेखनप्रतिको रूचि बढिरहेको संकेत गरेको सहभागीले बताएका छन् ।

अस्ट्रियाको भियना विश्वविद्यालयमा प्राध्यापनरत लेखक अलका आत्रेय चूडालले युवा लेखकहरूको उत्साह र पुस्तकप्रतिको रूचि देखेर आफू प्रभावित भएको बताइन् । उनका अनुसार कार्यक्रममा युवाहरूले पुस्तक खरिद गर्नुका साथै साहित्यिक जिज्ञासा र प्रश्नसमेत राखेका थिए ।

छनोट भएका युवा कथाकारसँग आख्यानकार नारायण वाग्लेले खुला संवाद गरेका थिए । युवा लेखकका कथा शैली र शिल्प परिपक्व रहेको उल्लेख गर्दै वाग्लेले उनीहरूको प्रश्न र वैचारिक प्रस्तुतिले नयाँ पुस्ताको आख्यानमा बलियो सम्भावना देखाएको बताए ।

कविता विधाका युवा लेखकसँग कवि तथा आख्यानकार श्रवण मुकारूङले संवाद गरेका थिए । नयाँ पुस्ताका कवितामा देखिएको शैली र स्वरप्रति सकारात्मक प्रतिक्रिया दिँदै उनले नेपाली साहित्यमा नयाँ पुस्ताको समय आएको धारणा राखे ।

निबन्धकार भूषिता वशिष्ठले पनि नयाँ निबन्धकारसँग अनलाइनमार्फत संवाद गरेकी थिइन् । उनले युवा लेखकका रचनामा विषय, शैली र साहित्यिक परिपक्वता देखिएको बताइन् ।

कार्यक्रममा ७५ जना युवा लेखकले आफ्ना सिर्जना, साहित्यिक रूचि तथा






समकालीन विषयमा छलफल गरेका थिए । केही लेखक काठमाडौँ तथा देशबाहिर रहेकाले अनलाइनमार्फत सहभागी भएका थिए ।

'२५ वर्षका २५' अभियानका परिकल्पनाकार तथा सम्पादक विमल आचार्यले संसारभरबाट उत्साहजनक सहभागिता आएको बताए । युवा पुस्ता पढ्दैन र लेख्दैन भन्ने भाष्यलाई अभियानले चुनौती दिएको उनको भनाइ छ ।

नेपालयका टिम लिडर किरणकृष्ण श्रेष्ठले 'पल्पसा क्याफे' प्रकाशनबाट सुरू भएको नेपालयको यात्रा २० वर्ष पुगेको अवसरमा नयाँ पुस्ताका लेखक खोजी गरिएको बताए । उनका अनुसार अभियानले नेपाली साहित्यमा नयाँ सम्भावनाको खोजी गरेको हो ।

नेपालयले सोही दिन नै 'नेपालमा पुस्तकालय र पठन परम्परा' विषयमा ऐतिहासिक समाजशास्त्री तथा लेखक लोकरञ्जन पराजुलीको कीनोट मन्तव्यसहित साहित्यिक उत्सव आयोजना गरेको थियो । 'आजको आख्यान' विषयमा नारायण ढकाल, श्रवण मुकारूङ र ओम रिजालबीच छलफलसमेत भएको थियो ।

उत्सवको अन्त्यमा नेपथ्य ब्यान्डको नेपाल यात्रासम्बन्धी वृत्तचित्र प्रदर्शन गरिएको थियो । नेपालयले हरेक अंग्रेजी महिनाको तेस्रो शुक्रबार आरशालामा फिल्म क्लब सञ्चालन गर्ने घोषणा पनि गरेको छ । युवा लेखकका कथा, कविता र निबन्ध समेटिएका तीन पुस्तकको सेटको मूल्य १ हजार ९९५ रूपैयाँ तोकिएको छ ।

# यौन तथा प्रजनन शिक्षाको अभावले किशोर-किशोरी जोखिममा



दमक । नेपालमा किशोर-किशोरीलाई यौन तथा प्रजनन स्वास्थ्यबारे पर्याप्त शिक्षा र परामर्श नहुँदा उनीहरु यौनजन्य जोखिम तथा अपराधमा फस्ने अवस्था बढ्दै गएको सरोकारवालाले बताएका छन् । उमेर बढ्दै जाँदा यौन चाहना स्वाभाविक भए पनि त्यसबारे सही जानकारी र परामर्शको अभावमा किशोर-किशोरी कानुनी तथा सामाजिक समस्यामा पर्ने गरेको उनीहरुको भनाइ छ ।

काठमाडौँमा युथ लिड सेक्सुअल एन्ड रिप्रोडक्टिभ हेल्थ राइट्स एड्भोकेसी नेपाल (योशान)ले आयोजना गरेको अन्तरक्रियामा सहभागी सरोकारवालाले १९ वर्षमुनिका किशोर-किशोरी यौनजन्य गतिविधिमा संलग्न हुने क्रम बढेको भन्दै विद्यालय तथा समुदायस्तरमा वैज्ञानिक यौन शिक्षा आवश्यक रहेको बताए ।

योशानकी निर्देशक दुर्गा सापकोटाले विभिन्न जिल्लामा गरिएको प्रारम्भिक अध्ययनले बलात्कारलगायतका घटनामा समान उमेर समूहका किशोर-किशोरीसमेत संलग्न हुने गरेको देखाएको बताइन् । सरकारी अध्ययनलाई उद्धृत गर्दै उनले १८ वर्षमुनिका ४७ प्रतिशत किशोर-किशोरी यौनजन्य गतिविधिमा संलग्न रहेको दाबी गरिन् ।

उनका अनुसार आपसी सहमतिमा हुने सम्पर्कसमेत उमेरसम्बन्धी कानुनी व्यवस्थाका कारण अपराधका रुपमा स्थापित हुन सक्ने भएकाले किशोर-किशोरीलाई अधिकार, सहमति, उमेरसम्बन्धी कानुन र सुरक्षित व्यवहारबारे जानकारी दिन आवश्यक छ ।

नेपाल प्रहरीका अनुसार आर्थिक वर्ष २०८१/८२ मा दुई हजारभन्दा बढी जबरजस्ती करणीका घटना दर्ता भएका छन् । तीमध्ये करिब ९१ प्रतिशत घटनामा पीडक चिनेजानेकै व्यक्ति रहेको प्रहरी तथ्यांकले देखाएको कार्यक्रममा जानकारी दिइयो ।

अधिवक्ता सबिन श्रेष्ठले नेपालमा १८ वर्षमुनिको यौनसम्पर्कसम्बन्धी कानुनी व्यवस्थाबारे किशोर-किशोरीलाई स्पष्ट जानकारी दिनुपर्ने बताए । बालविवाह र वैवाहिक बलात्कारसम्बन्धी मुद्दासमेत बढिरहेको उनले उल्लेख गरे ।

अधिवक्ता रोशना श्रेष्ठले विभिन्न निकायले दिएका सुझाव कार्यान्वयन नहुँदा समस्या थप जटिल बनेको बताइन् । संयुक्त राष्ट्रसंघका सुझावअनुसार यौन शिक्षामा लगानी बढाउनुपर्ने उनको भनाइ छ ।

योशानले काठमाडौं, ललितपुर, भक्तपुर, उदयपुर र बर्दियामा प्रारम्भिक अध्ययन गरेको जनाएको छ । अध्ययनले विपन्न तथा दलित समुदायका किशोर(किशोरी भावनात्मक तथा सामाजिक रुपमा बढी जोखिममा पर्ने देखाएको संस्थाले जनाएको छ । थप अनुसन्धानसमेत अघि बढाइएको छ ।

# पहिलो पाइला नेपाल कमल शाखाको पदस्थापन

कमल । झापाको कमल गाउँपालिकामा पहिलो पाइला नेपालको शाखा विस्तार गरिएको छ । सामाजिक कार्यमा सक्रिय रहेको सो संस्थाले शनिवार नवनिर्वाचित समितिलाई बधाईसहित औपचारिक रूपमा पदस्थापन सम्पन्न भएको हो ।

नवगठित समितिको अध्यक्षमा सञ्जु निरौलासहित पदाधिकारी र सदस्यहरूको नाम घोषणा गरि सपथग्रहण गराइएको थियो । ९ सदस्यीय गठित कार्यसमितिको उपाध्यक्षमा कुमार पराजुली, सचिवमा दिपेन्द्र खतिवडा ,कोषाध्यक्षमा कोशीष भुजेल चुनिए भने सदस्यहरूमा नितेश भुजेल ,रविन राई, लीला बशिष्ट भण्डारी र आशिष प्रधान र निकिता गौतम चुनिएका छन् । उनीहरूलाई निर्वाचन समितिका संयोजक खेम सापकोटाले निर्वाचित कार्यसमितिलाई प्रमाणपत्र वितरण गर्नुका साथैं पद तथा गोपनियताको सपथ गराएका थिए ।

कमल गाउँपालिकाका अध्यक्ष हुकुमसिंह राईको प्रमुख आतिथ्यतामा भएको सो पदस्थापन कार्यक्रममा बोल्दै वक्ताहरूले समाज रूपान्तरणका लागि सवैको हातेमालो बने मात्र परिवर्तन संभव हुने जोड दिए । सो कार्यक्रममा प्रमुख अतिथि अध्यक्ष राईले सामाजिक संस्थासँग सहकार्य गर्न स्थानीय सरकार सदैव तयार रहेको स्पष्ट पारे ।

कार्यक्रममा विशिष्ट अतिथि कमल गाउँपालिकाकी उपाध्यक्ष प्रमिला तिवारी ,दमक उद्योग वाणिज्य संघका अध्यक्ष गोपाल गुरागाईं, पहिलो पाइला नेपालका केन्द्रीय महासचिव मिलन लुईंटेल, सचिव दिवस खतिवडा लगायतले पहिलो पाइला नेपालले सामाजिक क्षेत्रमा पुऱ्याउँदै आएको योगदान प्रशंसनीय रहेको औल्याए ।

कार्यक्रममा लायन्स क्लब कमलका प्रमुख भुवन निधि, वर्क फर नेपालका अध्यक्ष तिलचन्द्र अधिकारी, पहिलो पाइला नेपाल दमक शाखाका अध्यक्ष राजु निरौला , जीवनचक्र समाजका अध्यक्ष गणेश गौतमलगायत विभिन्न सामाजिक संघसंस्थाका प्रतिनिधिहरूको सहभागिता रहेको थियो।






**खानपान**

# किन खानु हुन्न जंकफुड ?

केटाकेटी हुन् या वयस्क, महिलाहुन् या पुरूष, घरमाहोस् या रेष्टुराँमाआजकालजताततै जंकफुडको बोलवाला बढ्दै गएकोछ । सजिलै पाइने र पकाउन पनि मिहिनेत गर्न नपर्ने भएकाले बढ्दो रूपमा नेपालीको रोजाईमा जंकफुड पर्दैगएको देखिञ्छ ।

**के हो जंकफुड ?**

हानिकारक चिल्लो,नुन र चिनी बढी भएको र पोषण कमहुने खाना नै जंकफुड हो । यसले मानिसहरूलाई क्षणिक स्वाद र झुठो सन्तुष्टि प्रदान गर्छ । आकर्षणका लागि विभिन्न किसिमका रङ, रसायन र टेष्टमेकर राखेर बनाइने यस्ता खानेकुराले दीर्घकालमा शारीरिक र मानसिक असर पर्छ । यस्तो खाना बनाउनुका`मुख्य उद्देश्य नै पैसा कमाउनु हो । यसमा विभिन्न खालका हानिकारक रसायन राखेर लामो समयसम्म राख्न मिल्ने बनाइन्छ । जसले गर्दा यसले शारीरिक असर पर्छ । यस्तै, मान्छेको जिब्रोमा झुण्डिने खालको स्वादिलो बनाइएको हुन्छ र यो खाएपछि कुनै नशाजस्तै लत लाग्न सक्छ ।

जंकफुडको मुख्य विशेषता भनेकै अत्यन्त न्यून मात्रामा पाइने पोषकतत्व हो । यसमा शरीरलाई चाहिने खनिज, फाइवर, प्रोटिननिकै कम मात्रामा पाइन्छ । यस्तो खानामा क्यालोरी मात्र बढी हुन्छ, जसले खाना खाने बित्तिकै शक्ति प्राप्त हुन्छ । त्यस्तो खानाले शरीरको पाचनप्रक्रियामा पनि असर पुऱ्याउँछन् । कुनैको असर तत्कालिन हुन्छ भने कुनै दीर्घकालिन जस्तै क्यान्सर, मधुमेह, मुटुरोग आदि हुन्छ ।

जंक फुडहरू विशेषगरी शहरी क्षेत्रमा बढी प्रयोग गरिन्छन् । तर आजकालगाउँ-गाउँमापनि यो समस्याको रूपमा देखिन थालिसकेको छ ।

जंकफुडले गर्दा हाम्रा स्थानीय तथा परम्परादेखि खाइदैं आएकाखानाहरू विस्थापित हुँदैं गइरहेका छन् । ती भन्दा आकर्षक प्याकेटमा राखिएका खानेकुरा नै राम्रा मान्ने प्रवृत्ति विद्यमान छ । सबैभन्दा गम्भीर कुरा के हो भन`कतिपय बच्चाहरूमा यस्ता खानेकुराको कुलतजस्तै बसेको हुन्छ । घरको खाना, दूध, फलफूल खान नमान्ने, पसलमा किनेका प्याकेटका खानेकुरामा चाहिँ आकर्षित हुने गर्छन् आजकालका बच्चाहरू ।

हामो समाजको रितिरिवाजमा पनि यो समस्या छिरेको छ । हामीकसैको घरमा भेट्न जाँदा खालीहात जाँदैनौं । केहीन केही लगेर जान्छौं । खानाभनेको संस्कृतिसँग पनि जोडिएको हुन्छ । पहिलाहामी सानो हुँदा कसैका घरमा भेट्न जादादही, फलफूललगेर भेट्न जान्थ्यौं । तर आजभोलि त्यसमापनि यस्तो कुरिति छिरेको छ कि कसैको घरमाजाँदा कोक फेन्टा लिएर जाने चलन छ ।

प्याकेटका खानेकुरा, बट्टाका जुस लिएर गईन्छ । यस्तो खानेकुरा लिएर जानु भनेको चुरोट सूर्तिहरू लिएर जानुजस्तै हो । किनभने चुरोट, रक्सी, लागूपदार्थले जति असर गर्छ, त्यो भन्दा बढी असर यस्ता खानेकुराले गर्छनन् । यसबाट पनिथाहा हुन्छ यस्तो खानाको असर कस्तो हुन्छ भनेर ।

यस्ता खानेकुरामा उच्च क्यालोरी हुने हुनाले मोटोपन बढाउँछ । यस्तो खानेकुरा खाने र शारीरिक कसरत पनि कमी हुँदा शारीरिक समस्या निम्त्याउने गर्छ । यस्तो खानेकुराको बढी प्रयोग र शारीरिक कसरतको कमीले पहिला ६०(७० वर्ष पुगेपछि लाग्ने रोगहरू अहिले युवाउमेरमै लागेको देखिएको छ । गर्भवती अवस्थामात यस्तो खानेकुरा छुनु पनि हुँदैन ।

**समस्याको समाधान कसरी ?**

यस्तो खानेकुराको प्रयोग हटाउन जनचेतना मुलक कार्यक्रमहरू गर्न जरूरी हुन्छ । सबैभन्दा पहिले यसको प्रयोग र बजारमा भित्र्याउने काम नै बन्द गरिनुपर्छ ।

हरेक चिजको शुरूवात घरबाटै हुने भएकाले घरमा बच्चाहरूलाई सम्झाउनुपर्छ । यस्तो खानाखानु भनेको गलत कुरा हो भनेर सिकाउनुपर्छ । साना बच्चाहरूलाई घरमै बनाएको खाना दिनु पर्छ । बजारबाट जंकफुड किनेर ल्याउनुको साटो पोषिला खाना खाने बानी बसाउनुपर्छ । बच्चाहरूलाई घरका खानाको महत्व बुझाउन सकियो भने उनीहरूले जीवनभर बिर्सदैंनन् ।

साना बच्चाहरूलाई सानो प्रिस्कूलदेखि नै यस्तो कुरा सिकाउनुपर्छ । स्कूलहरूले पनि जंकफुडमा प्रतिबन्ध नै लगाउनुपर्छ । स्कुलमा पठाइने खाना पनि पोषिलो हुनुपर्छ । स्कूलमा दिइने खानेकुरा पनि पोषिलो हुनैपर्छ र यसमा अभिभावक पनि सचेत हुनैपर्छ ।

# गेउरियामा भुतपूर्व सैनिक संघको रक्तदान

दमक । नेपाल राष्ट्रिय भुतपूर्व सैनिक संघ झापा ५ क्षेत्रीय समितिले शनिवार कमल-६ गेउरिया चोकमा रक्तदान कार्यक्रमको आयोजना गरेको छ । संघका क्षेत्रीय अध्यक्ष गोपालबहादुर निरौलाको अध्यक्षता तथा कमल गाउँपालिका अध्यक्ष हुकुमसिंह राईको प्रमुख आतिथ्यतामा रक्तदान कार्यक्रम सप्पन्न भएको हो । रक्तदानमा ८५ पिन्ट रगत संकलन भएको थियो ।

सो कार्यक्रममा संघको झापा अध्यक्ष क्रान्तिबहादुर कार्की, गाउँपालिकाकी उपाध्यक्ष प्रमिला नेउपाने, नेपाल रेडक्रस सोसाइटी दमकस्थित रक्तसञ्चार बिभागका प्रवर्द्धक सिदार्थ दाहाल, दमक तेक्वान्दो डोजाङका अध्यक्ष जीतबहादुर (जितु) धिमाल लगायतका सामाजिक ब्यात्तित्वहरूको उपस्थिति रहेको संघका सचिव बलराम धिमालले जानकारी दिए ।



**पुस्तक-साभार**

**राष्ट्रवादको आलोकमा**

# राजा महेन्द्रको डायरी




✍ युवराज गौतम

## व्यवधान र बाध्यता

क्रमागत.... कूटनीतिमा राजा महेन्द्रको योग्यताबारे चर्चा गर्दै केही लेखकले ब्रिटेन, फ्रान्स, अमेरिका, चीन, भारत र सोभियत संघ जस्ता राष्ट्रसँग उनको सुमधुर सम्बन्ध थियो भनेका छन् ।

ब्रिटेनकी महारानी एजिलावेथ (द्वितीया) को निमन्त्रणामा राजा महेन्द्र र महारानी रत्नबाट भएको भ्रमणले नेपाल-ब्रिटेन सम्बन्ध अरु प्रगाढ भएको पुराना कूटनीतिज्ञहरूको विश्लेषण छ ।

पुराना कूटनीतिज्ञ झरेन्द्रनारायण सिंहले लेखेका छन्– नेपाल र ब्रिटेनजस्ता प्राचीन राष्ट्रको सम्बन्ध अझ बलियो बनाउन राजा महेन्द्रको भ्रमण फलदायी भयो । (राजदरवारबाट प्रकाशित 'रमझम' पत्रिका, भाग ४२, वर्ष २, अंक १)

पुराना कूटनीतिज्ञ तथा राजनीतिज्ञ ऋषिकेश शाहले राजा महेन्द्रबारे विश्लेषण गर्दै पाँच बुँदामा भनेका छन् -

१. आफ्नो यस्तो राजनीतिक दर्शनको सूत्रपात गर्नु, जुन राजनीतिक दर्शनले आफ्नो निजी स्वार्थ पूरा गर्नुका साथै परम्परागत आस्था र जनभावनालाई पनि प्रतिनिधित्व गर्छ ।

२. आर्थिक र सामाजिक कल्याणका यस्ता आकर्षक कार्यक्रमहरूको तर्जुमा गर्नु जो वस्तुतः अस्पष्ट हुन्छन् र जसका लक्ष्यहरु भौतिक र वैज्ञानिक हिसाबले नाप्न सकिदैन ।

३. मित्र र शत्रुलाई आफ्नो अन्तिम निष्कर्ष ननिस्केसम्म राजनीतिक दाउपेचबारे अन्योलमा राख्नु ।

४. शत्रु पक्षमा धरमर गर्दै बसेकालाई तुरून्तै आफूसँग मिलाउनु र उनीहरूलाई पुरस्कृत गर्नु ।

५. विरोधी पक्षका प्रबल समर्थकहरूलाई निर्दयतापूर्वक कार्वाही गर्नु ।

अमेरिकी कूटनीतिज्ञ तथा प्रसिद्ध विद्वान् विलियम हाबर्ड रिगिन्सको ग्रन्थ 'द रूलर्स इम्पेरेटिभ' पढेर राजा महेन्द्रले नयाँ, नयाँ मार्गचित्र, कूटनीतिक बाटो र राजनीतिक जाल बुनेका होइनन् । शुक्राचार्य, विदुर, याज्ञवल्क्य आदिका नीति, राजधर्म, रामायण, महाभारत र गीता पढेका महेन्द्रले प्राचीन राजधर्म र राज्यव्यवस्थाबाट प्रेरणा लिएको देखिन्छ ।

'एक्स्पेरिमेन्ट विथ पार्लियामेन्टरी डेमोक्रेसी' पुस्तकमा भारतीय लेखक भोला चटर्जीले राजा महेन्द्रले २०१५ सालको आम चुनावपछि सुवर्ण शमशेरलाई प्रधानमन्त्री बनाउन चाहन्थे भन्ने कुरा आधारहीन भएको लेखेका छन् । राजा महेन्द्रलाई वीपीले 'सरकारले सुवर्णलाई नै प्रधानमन्त्री बनाइबक्से पनि म सहयोग गर्छु' भनेको चटर्जीको पुस्तकमा छ । प्रत्युत्तरमा राजाले सुवर्ण अलि सुस्त भएको बताउँदै वीपी नै प्रधानमन्त्री हुनुपर्छ भनेको पनि पुस्तकमा उल्लेख छ । तीनवटा निर्वाचन क्षेत्रबाट उठेका सुवर्णले तीनवटै स्थानमा जितेका थिए । तर महेन्द्रले वीपीलाई बढी विश्वास र भरोसा गरेको पाइन्छ ।

१०८ जना उम्मेदवार उठाएर ७४ जनाले जितेपछि नेपाली काँग्रेस धेरै उत्साहित बनेको थियो । जनताले काँग्रेसलाई २००७ सालमा राणा शासन हटाएर जनताको हक स्थापना गर्ने दलका रुपमा लिएका थिए । क्रमशः ....

**स्वास्थ्य**

# टाउकोको छालाबाट किन दुर्गन्ध आउँछ ?

दमक/ जब कपालबाट नराम्रो गन्ध आउँछ, तब हामी त्यसलाई धुन्छौं । तर पनि गन्ध कायमै रहन्छ ? यस्तो हुनुको कारण सधैं कपाल राम्ररी सफा नगर्नु वा त्यसमा फोहोर रहनु नै हुन्छ भन्ने छैन ।

कपालबाट गन्ध आउनुका पछाडि चाया वा अत्यधिक पसिना आउने जस्ता विभिन्न कारणहरु हुन सक्छन् ।

वास्तवमा, कपालमा भएको पसिना तेल र ब्याक्टेरियासँग मिसिएर दुर्गन्ध पैदा गर्छ ।

यस्तो अवस्थामा, कपाल धोए पनि तेल पूर्ण रुपमा नहटेको वा धोइसकेपछि पसिना आएर नसुकेको हुन सक्छ । जसले गर्दा कपालबाट नमिठो गन्ध आउन सक्छ। यसबाहेक, विभिन्न गल्तीहरु र चायाजस्ता समस्याहरु पनि कपाल गन्हाउनुको कारण बन्न सक्छन् ।

**यी कारण कपालबाट नमिठो गन्ध आउन सक्छ :कपालको उचित हेरचाह नगर्ने वा सरसफाइमा ध्यान नदिने,**

■ फोहोर काइँयो प्रयोग गर्ने वा अरुसँग एउटै काइँयो बाँडेर प्रयोग गर्ने,

■ किशो-किशोरीहरु - टाउकोको छालामा 'सिबम' वा प्राकृतिक तेलको उत्पादन बढ्ने भएकाले) ।

■ कपाल भिजेकै अवस्थामा बाँध्ने,

■ कपाल धेरै कसिलो गरी बाँध्ने, (यसो गर्दा हावाको आवतजावत रोकिन्छ र पसिना सुक्न पाउँदैन)।

■ धेरै धुवाँ, (कडा गन्ध वा प्रदूषण भएको ठाउँमा बस्ने वा काम गर्नेहरुमा,

■ चाया वा छालाको पत्र निस्किने समस्या भएकाहरुमा,



**कपालको गन्ध हटाउने घरेलु उपायहरु**

एप्पल साइडर भेनेगर : एप्पल साइडर भेनेगरले टाउकोको छालाको स्तर सन्तुलनमा राख्न र कपालमा चमक ल्याउन मद्दत गर्छ । यसले कपाललाई गहिरो गरी सफा गर्छ ।

एक कप पानीमा आधा चम्चा एप्पल साइडर भेनेगर मिसाउनुहोस् र उक्त मिश्रणलाई आफ्नो कपालमा खन्याउनुहोस् । यसलाई केही मिनेटसम्म रहन दिनुहोस् र त्यसपछि पानीले कपाल धुनुहोस् ।

घ्यु कुमारी : घ्यु कुमारीले टाउकोको छाला र कपालसम्बन्धी विभिन्न समस्याहरु समाधान गर्न मद्दत गर्छ । यसले कपाल र टाउकोको छालामा आवश्यक आद्रता कायम राख्नुका साथै 'सिबम' वा प्राकृतिक तेलको उत्पादनलाई कम गर्छ ।

साथै, यसले कपाल झर्ने समस्या कम गर्न, चाया हटाउन र कपालबाट आउने नराम्रो गन्ध रोक्न पनि सघाउँछ ।

स्याम्पु गरिसकेपछि कन्डिसनरको रुपमा तपाईँले ताजा घ्यु कुमारीको जेल कपाल र टाउकोको छालामा लगाउन सक्नुहुन्छ। करिब १५ मिनेटपछि यसलाई सफा पानीले पखाल्नुहोस् ।

ल्याभेन्डर तेल : ल्याभेन्डर एसन्सियल तेल छाला र कपालका लागि निकै प्रभावकारी मानिन्छ। यसमा ढुसी(विरोधी (एन्टिफंगल) र कीटाणुनाशक (एन्टिसेप्टिक) गुणहरु हुन्छन् । यसले टाउकोको छालामा हुने सुजन र चिलाउने समस्या कम गर्न मद्दत गर्छ, जसले गर्दा त्यससँग सम्बन्धित दुर्गन्ध पनि हट्छ ।

स्याम्पुले कपाल धोइसकेपछि तौलियाले पुछ्नुहोस् र कपाल अझै ओसिलो हुँदा नै पाँचदेखि दश थोपा ल्याभेन्डर एसन्सियल तेल लगाउनुहोस् ।

यदि टाउकोको छाला वा कपालमा अन्य कुनै समस्या बिना नै कपालबाट नमिठो गन्ध मात्र आइरहेको छ भने, तपाईँले घरेलु उपायहरु अपनाउन सक्नुहुन्छ ।

**दैनिक राशिफल**

आज मिति २०८३ साल भदौ १५ गते सोमबार 31 Aug. 2026 तिथि: तृतिया



ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगाना: क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि: ९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
|---|---|---|
| मेष | चु चे लो ला लि लँ ले लो अ | कामामा उत्साह बढ्नेछ । आर्थिक लाभको सम्भावना छ । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | नयाँ अवसर प्राप्त हुनेछ । परिवारमा सुखद वातावरण |
| मिथुन | का कि कु घ ङ छ के को हा | रोकिएका काम बन्नेछन् । मित्रबाट सहयोग मिल्नेछ । |
| कर्कट | हि हु हे हो डा डि डु डे डो | स्वास्थ्यमा ध्यान दिनुहोस् । खर्च बढ्न सक्छ । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | आत्मविश्वास बढ्नेछ । काममा सफलता मिल्नेछ । |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | नयाँ जिम्मेवारी पाइनेछ । मेहनतको राम्रो फल मिल्नेछ । |
| तुला | रा री रु रे रो ता ती तु ते | प्रेम सम्बन्ध सुमधुर हुनेछ । व्यवसायमा लाभ मिल्नेछ । |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | महत्वपूर्ण निर्णय लिनुहुनेछ । आम्दानी बढ्ने संकेत छ । |
| धनु | य यो भा भी भ धा फा ढ भे | यात्रा लाभदायी हुनेछ । नयाँ सम्बन्ध बन्नेछ । |
| मकर | भो जा जी खि खू खे खो गा गी | काममा प्रगति हुनेछ । आर्थिक अवस्था सुधारिनेछ । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | नयाँ योजना सफल हुनेछ । साथीबाट सहयोग मिल्नेछ । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | मनमा उत्साह बढ्नेछ । शुभ समाचार प्राप्त हुनेछ । |

# भोजपुरको रायो र मूलाले बजार पाउँदै



**भोजपुर/** टेम्केमैयुङ गाउँपालिकाले किसानलाई व्यावसायिक कृषितर्फ आकर्षित गर्न रायो र मूलाको उत्पादन प्रवर्द्धनसँगै उत्पादित उपजको बजार सुनिश्चित गर्ने पहल थालेको छ । गाउँपालिकाले किसानलाई उन्नत जातको बीउ वितरण गर्ने तयारी गरेको छ भने उत्पादित रायो र मूला खरिदका लागि सिद्धकाली एग्रो प्रालि भोजपुरसँग पूर्वसम्झौता गरेको छ ।

सम्झौताअनुसार न्यूनतम समर्थन मूल्य निर्धारण गरी रायो ५०० टन र मूला ५०० टन खरिद गरिनेछ । उत्पादन गर्नुअघि नै बजार सुनिश्चित भएपछि किसानलाई व्यावसायिक खेतीमा लाग्न प्रोत्साहन मिल्ने गाउँपालिकाको विश्वास छ ।

गाउँपालिका अध्यक्ष सरोज बस्नेतले किसानलाई उत्पादनमा मात्र नभई उत्पादित वस्तुको बजार सुनिश्चिततामा समेत स्थानीय सरकारले सहयोग गर्नुपर्ने बताए । उत्पादनअघि नै खरिदकर्तासँग सम्झौता गरिएकाले किसानलाई आफ्नो उत्पादन बिक्री हुने सुनिश्चितता हुने उनको भनाइ छ । गाउँपालिकाले कृषि विकास शाखाको स्वीकृत कार्यक्रम अन्तर्गत उन्नत जातको रायो र मूलाको बीउ वितरणका लागि किसानसँग आवेदन माग गरेको छ । बीउ उपलब्ध गराउनुका साथै खेती प्रविधि, उत्पादन र रोग(कीरा व्यवस्थापनलगायत विषयमा प्राविधिक सहयोगसमेत उपलब्ध गराइने गाउँपालिकाले जनाएको छ ।

प्रमुख प्रशासकीय अधिकृत अदित दाहालका अनुसार बीउ वितरण, उत्पादनमा प्राविधिक सहजीकरण र बजारीकरणमा सहकार्य गर्ने गरी कार्यक्रम अघि बढाइएको हो । किसानले उत्पादन गरेका कृषि उपजले उचित मूल्य नपाउने तथा बजारको अभाव हुने समस्या समाधान गर्न खरिद पूर्वसम्झौता प्रभावकारी हुने उनको भनाइ छ ।

गाउँपालिका उपाध्यक्ष रमादेवी राईले कृषि क्षेत्रलाई स्थानीय अर्थतन्त्रको महत्वपूर्ण आधारका रूपमा विकास गर्ने उद्देश्यले उत्पादनमुखी कार्यक्रम सञ्चालन भइरहेको बताइन् । किसानलाई उत्पादनमा प्रोत्साहनसँगै उचित मूल्य प्राप्त हुने वातावरण बनाउन आवश्यक रहेको उनको भनाइ छ ।

रायो र मूलाको उत्पादन बढाएर किसानको आम्दानी वृद्धि गर्नुका साथै बाह्य क्षेत्रबाट आउने तरकारीमा निर्भरता घटाउने गाउँपालिकाको लक्ष्य छ । बीउदेखि बजारसम्म स्थानीय सरकारले सहजीकरण गर्ने यो प्रयास सफल भए कृषि उत्पादनलाई व्यवसाय र किसानलाई उद्यमी बनाउने आधार बन्न सक्छ ।

**चीनको सिजाङमा पहिरो :**

# १०४ नेपालीसहित २ सय ६१ विदेशीको अवस्था अज्ञात

**बेइजिङ/** दक्षिणपश्चिम चीनको सिजाङ स्वायत्त क्षेत्रअन्तर्गत चीन-नेपाल सीमाको ग्यिरोङ नाकामा अगस्त २६ मा गएको पहिरोपछि २३ देशका २६१ विदेशी नागरिकको अवस्था अज्ञात रहेको स्थानीय अधिकारीहरूले आइतबार बताएका छन् । परराष्ट्र, सार्वजनिक सुरक्षा, संस्कृति तथा पर्यटन र आपत्कालीन व्यवस्थापन निकायले गरेको संयुक्त खोजी तथा विवरण रुजुपछि क्षेत्रीय सरकारको सूचना कार्यालयले आयोजना गरेको पत्रकार सम्मेलनमा उक्त तथ्यांक सार्वजनिक गरेको हो । अवस्था अज्ञात रहेकामा १०४ नेपाली नागरिकका साथै भारतका ४९, लाटभियाका ३३, संयुक्त राज्य अमेरिकाका १८, बेलायतका १५, क्यानडा र अष्ट्रेलियाका छ/छ, दक्षिण अफ्रिकाका चार तथा मलेसिया, जर्मनी र रुसका तीन/तीन जना नागरिक छन् । त्यसैगरी आयरल्याण्ड, इस्टोनिया, फ्रान्स, नेदरल्यान्ड्स र न्युजिल्यान्डका दुई/दुई जना तथा काजाकिस्तान, फिनल्यान्ड, लिथुआनिया, पोर्चुगल, युक्रेन, स्पेन र हङ्गेरीका एक/एक जना रहेको अधिकारीहरूले बताएका छन् । रासस

# रुसी ड्रोन आक्रमणमा ३७ जनाको मृत्यु

**एजेन्सी/** युक्रेनको राजधानी किएभनजिकै रहेको एक गोदाममा रुसी ड्रोन आक्रमण हुँदा ३७ जनाको मृत्यु भएको युक्रेनी अधिकारीहरूले बताएका छन् । गोदाममा गोलाबारुद तथा बारुदी सुरुङ भण्डारण गरिएको र आक्रमणपछि भएको विस्फोट तथा आगलागीले आसपासका दर्जनौं घरमा क्षति पुगेको उनीहरूको भनाइ छ ।

बुचा जिल्लाको माइला गाउँमा शुक्रबार राति भएको आक्रमण यस वर्ष युक्रेनमा भएको सबैभन्दा घातक रुसी आक्रमण बनेको छ । स्थानीय क्षेत्रीय सैन्य प्रशासनका प्रमुख टिमुर टकाचेन्कोका अनुसार आगलागीका कारण कम्तीमा ५० आवासीय भवनमा क्षति पुगेको छ ।

मृत्यु हुनेमा ३४ जना वृद्ध तथा अपांगता भएका व्यक्तिको स्याहार केन्द्रका बासिन्दा रहेको उनले बताए । घटनापछि ३७० भन्दा बढी मानिसलाई सुरक्षित स्थानमा सारिएको छ । रुसको रक्षा मन्त्रालयले भने उक्त गोदाममा लामो दूरीका ड्रोनका लागि आवश्यक सामग्री तथा प्रक्षेपण उपकरण भण्डारण गरिएको भन्दै त्यही संरचनालाई लक्षित गरी आक्रमण गरिएको जनाएको छ ।

## खेल समाचार

# कुशलको चमक, नेपालको यात्रा समाप्त



**काठमाडौं/** अष्ट्रेलियामा जारी टप इन्ड टी-२० सिरिजमा नेपाल 'ए' को यात्रा समाप्त भएको छ। आफ्नो अन्तिम खेलमा नेपाल भिक्टोरिया सीए-११ सँग १ विकेटले पराजित भएपछि प्रतियोगिताबाट बाहिरिएको हो। ६ खेलमा नेपालले २ जित र ४ हारको नतिजा निकाल्यो।

प्रतियोगितामा नेपालको प्रदर्शन निराशाजनक रहे पनि कुशल भुर्तेल भने चम्किए। उनले ६ खेलमा ३०२ रन बनाउँदै सिरिजकै सर्वाधिक रन बनाउने खेलाडी बने। उनको ब्याटिङ औसत ६०.४० रह्यो भने ११ छक्कासहित उत्कृष्ट प्रदर्शन गरे।

अन्तिम खेलमा पनि कुशलले एक्लै नेपाललाई जितको नजिक पुऱ्याए। उनले ५५ बलमा ९५ रन बनाएपछि नेपालले १४२ रनको प्रतिस्पर्धात्मक योगफल खडा गरेको थियो। नेपालका अन्य सात ब्याटरले ६६ बल खेल्दा जम्मा ४२ रन मात्र बनाउन सके। दीपक डुम्रेले १६ रन बनाउनु बाहेक अन्य ब्याटरले दोहोरो अंकमा रन बनाउन सकेनन् ।

कुशल ब्याटिङमा मात्र होइन, बलिङमा पनि प्रभावकारी देखिए। उनले चार ओभरमा १७ रन खर्चेर तीन विकेट लिए। १९औं ओभरमा चार रन मात्र दिएर एक विकेट लिएपछि नेपाल जितको संघारमा पुगेको थियो। तर अन्तिम ओभरमा आकाश चन्दले महँगो बलिङ गरेपछि भिक्टोरियाले खेल जित्यो।

कुशलपछि नेपालका लागि सर्वाधिक रन बनाउने लोकेश बमले ६ खेलमा ९३ रन मात्र जोडे। कुशल मल्ल, अनिल साहलगायत अनुभवी ब्याटरले अपेक्षाअनुसार प्रदर्शन गर्न सकेनन्। फास्ट बलिङ पनि कमजोर रह्यो।

एसीसी प्रिमियर कपसँग प्रतियोगिताको मिति जुधेकाले नेपालले पहिलो रोजाइको टोली पठाउन सकेन। अनिल साहको नेतृत्वमा 'ए' टोली अष्ट्रेलिया पुगेको थियो।

हालै राष्ट्रिय टोलीबाट खराब प्रदर्शनपछि 'ए' टोलीमा झरेका कुशलले भने उक्त अवसरलाई सदुपयोग गर्दै आफूलाई प्रमाणित गरेका छन्। यद्यपि नेपालले मलेसियामा खेल्ने एसीसी प्रिमियर कपका लागि उनलाई टोलीमा राखेको छैन। अष्ट्रेलियामा उनको प्रदर्शनपछि भने राष्ट्रिय टोलीमा कुशलको पुनरागमनको बहस बलियो बनेको छ।

# बाढीले बैंकिङ क्षेत्रमा ठूलो क्षति

**दमक/** रसुवा, नुवाकोट र धादिङमा भदौ १० गते आएको भीषण बाढीले बैंकिङ क्षेत्रमा समेत ठूलो क्षति पुऱ्याएको छ। बाढीबाट ११ वटा वाणिज्य बैंकका १६ शाखा पूर्ण रूपमा क्षतिग्रस्त भएका छन् भने बैंकिङ प्रणालीमा रहेको करिब १७ करोड रूपैयाँ नगद बाढीले बगाएको प्रारम्भिक विवरण छ।

बाढी प्रभावित बैंकका २७ जना कर्मचारी अझै सम्पर्कविहीन छन्। यस्तै, काठमाडौंबाट गोसाइँकुण्ड भ्रमणमा गएका मुक्तिनाथ विकास बैंकका दुई तथा विभिन्न लघुवित्त संस्थाका ६ कर्मचारीसहित कुल ३१ जना कर्मचारी सम्पर्कमा नरहेको बताइएको छ। नेपाल इन्भेष्टमेन्ट मेगा बैंकका १२ कर्मचारी घाइते भएका छन्।

क्षतिग्रस्त १६ शाखामा ७३ हजार २७५ वटा निक्षेप खाता सञ्चालनमा थिए। ती खातामा कुल ३ अर्ब ९८ करोड ८४ लाख १९ हजार रूपैयाँ निक्षेप रहेको थियो। यस्तै, २ हजार २८ वटा ऋण खातामार्फत २ अर्ब ३३ करोड १३ लाख ३३ हजार रूपैयाँ कर्जा लगानी भएको देखिएको छ।

बैंकहरूको प्रारम्भिक भौतिक क्षति ५५ करोड १६ लाख २८ हजार रूपैयाँ अनुमान गरिएको छ। सबैभन्दा ठूलो क्षति कृषि विकास बैंकको त्रिशूली शाखामा भएको छ। पूर्ण रूपमा क्षतिग्रस्त उक्त शाखाको करिब ५० करोड रूपैयाँ बराबरको क्षति भएको अनुमान छ। शाखामा रहेका ६४ वटा लकरसमेत बाढीले बगाएको वा क्षति पुऱ्याएको छ।

बाढीले १५ वटा शाखाका भल्टमा रहेको १५ करोड २ लाख १० हजार रूपैयाँ नगदसमेत बगाएको छ। यस्तै, सात बैंकका एटीएममा रहेको करिब १ करोड ७ लाख ५६ हजार ५ सय रूपैयाँको अवस्था अज्ञात छ।

माछापुच्छे, ग्लोबल आईएमई, नेपाल इन्भेष्टमेन्ट मेगा, सानिमा, एनएमबी, प्रभु, लक्ष्मी सनराइज, हिमालयन, नबिल र एनआईसी एसियालगायत बैंकका शाखा प्रभावित भएका छन्। केही शाखाबाट विद्युत् तथा सञ्चार सेवा पुनः सञ्चालन भएपछि बैंकिङ सेवा भने सुरू भइसकेको नेपाल बैंकर्स संघले जनाएको छ।

बाढीले बैंक शाखासँगै ती क्षेत्रमा सञ्चालित जलविद्युत् आयोजनामा समेत क्षति पुऱ्याएको छ। ६७५ मेगावाट क्षमताका १३ वटा आयोजनामा बैंकहरूले सहवित्तीयकरणमार्फत ठूलो लगानी गरेका छन्। आयोजनामा क्षति पुगेसँगै बैंकहरूको कर्जा जोखिम र निष्क्रिय कर्जा बढ्ने सम्भावना देखिएको छ।

नेपाल बैंकर्स संघका अध्यक्ष सन्तोष कोइरालाका अनुसार अहिले बैंकहरु कर्मचारीको खोजी तथा उद्धारमा केन्द्रित छन्। बैंकिङ क्षेत्रको क्षतिको पूर्ण प्रारम्भिक विवरण संकलन भइरहेको उनले बताएका छन्।

## मोरङमा एकैदिन दुई पुरुषको शव भेटियो

**मोरङ/** मोरङका छुट्टाछुट्टै स्थानमा आइतबार दुई जना पुरुष मृत फेला परेका छन् । सुनवर्षी नगरपालिका र विराटनगर महानगरपालिकामा दुई पुरुषको शव भेटिएको प्रहरीले जनाएको छ । सुनवर्षी नगरपालिका-२ सुगाबजारस्थित एक घरमा ७२ वर्षीय जयबहादुर राजवंशी मृत भेटिएका हुन् । प्रहरीका अनुसार झापाको घैलाडुब्बा घर भएका राजवंशी पछिल्लो करिब २० वर्षदेखि सोही स्थानका ६५ वर्षीय वीर बहादुर गनगाईको घरमा बस्दै आएका थिए ।

यस्तै, विराटनगर महानगरपालिका-१५ स्थित दुई नम्बर ढाट नजिकै सडक किनारमा करिब ३५ देखि ४० वर्ष उमेरका अर्को एक पुरुष मृत फेला परेका छन् । मोरङ प्रहरीले दुवै घटनामा मृत्युको कारण हालसम्म खुल्न नसकेको जनाएको छ । दुवै घटनाको प्रकृति र सम्भावित कारणका बारेमा प्रहरीले थप अनुसन्धान अघि बढाएको छ ।

## तार जोड्ने क्रममा करेन्ट लाग्दा राजवंशीको मृत्यु

**मोरङ/** मुसाले काटेको विद्युतको तार जोड्ने क्रममा करेन्ट लागेर विराटनगरमा एक युवाको ज्यान गएको छ । मृत्यु हुनेमा विराटनगर महानगरपालिका-४ का अन्दाजी ४५ वर्षीय मनोजकुमार राजवंशी रहेका छन् । राजवंशी विराटनगर महानगरपालिका-१३ स्थित साल्ट ट्रेडिङ नजिकै सुरेन्द्र थापाको घरमा डेरा गरेर बस्दै आएका थिए ।




# लागुऔषध कारोबारी पक्राउ

झापा । झापाको कन्काई नगरपालिकामा ठूलो परिमाणमा लागूऔषधसहित एक कारोबारी पक्राउ परेका छन् । आज बिहान ४ बजे कन्काई नगरपालिका वडा नं. ४ स्थित कनकाई फुटबल मैदान पछाडी इलाका प्रहरी कार्यालय सुरुङ्गाबाट प्रहरी वरिष्ठ नायव निरीक्षक रवि राईको कमाण्डमा खटिएको गस्ती टोलीले संखुवासभा खाँदबारी घर भई हाल दमक ५ यलम्बर चौकमा डेरा गरी बस्ने बर्ष अन्दाजी २७ का साजन गुरुङलाई लागूऔषधसहित पक्राउ गरेको हो । शंका लागेर चेकजाँच गर्ने क्रममा उनको साथबाट प्लाष्टिकसहित २५ ग्राम ८८० मिलिग्राम ब्राउन सुगर फेला परेको थियो । उनलाई लागूऔषधसहित नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय बिर्तामोडमा राखिएको छ ।

# दुर्घटनामा ३२ जना घाइते

**दमक/** पूर्व-पश्चिम राजमार्गअन्तर्गत नवलपुरको कावासेती -१६ डण्डामा बस र ट्रक ठोक्किएर भएको दुर्घटनामा ३२ जना घाइते भएका छन् । बिरगञ्जबाट बुटवलतर्फ जाने क्रममा खाना खानको लागि राजमार्गमा रोकिराखेको ना ८ ख ६१४५ नम्बरको फलामको पाइप लोड भएको ट्रकको पछाडि काठमाडौंबाट बर्दियातर्फ जाँदै गरेको लु. प्र.०१-००१ ख ०३८६ नम्बरको बस ओभरटेक गर्ने क्रममा ठोकिन गई दुर्घटना भएको प्रहरीले जनाएको छ ।

बसमा ३८ जान सवार रहेकामध्ये ३२ जना घाइते भई उपचारका लागि मध्यविन्दु प्रादेशिक अस्पताल डण्डा पठाइएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी, प्रहरीले जनाएको छ । दुई जनालाई थप उपचारका लागि चितवन रेफर गरिएको छ । दुर्घटनामा बसका चालक तुलाराम थापा मगर, सहचालक अनिष गुरुङ, ममता परियार, रिता गन्दर्भ लगायत घाइते छन् ।

घाइतेमध्ये रिता गन्दर्भ र तिलक परियारलाई थप उपचारका लागि पुरानो मेडिकल कलेजमा रिफर गरिएको प्रहरीले जनाएको छ । ट्रक र ट्रक चालक बारा निजगढ नगरपालिका -११ का २५ वर्षका अभिषेक कुँवर प्रहरी नियन्त्रणमा रहेको र बसचालक पनि डिस्चार्ज भई नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ ।

# मोरङका १५ सम्पर्कविहीन, तीन जनाको उद्धार

**मोरङ/** रसुवाको भोटेकोशीमा बुधबार आएको बाढीपछि मोरङका १५ जना अझै सम्पर्कविहीन भएका छन् । जिल्ला प्रशासन कार्यालय मोरङका अनुसार विभिन्न कामका सिलसिलामा रसुवा, धादिङ र नुवाकोट पुगेका १५ जना हालसम्म सम्पर्कविहीन रहेकाले निरन्तर खोजी भइरहेको जनाएको छ ।

प्रमुख जिल्ला अधिकारी युवराज कटेलले तीन जनालाई उद्धार गरी विभिन्न अस्पतालमा उपचार जारी रहेको जानकारी दिए । उनका अनुसार हालसम्म सम्पर्क हुन नसकेकामा विराटनगर महानगरपालिका-७ का शिवशङ्कर गुप्ता र सोमप्रसाद कटेल, बेलबारी नगरपालिका-११ का अनुज धमला, सुन्दरहरैचा नगरपालिकाकी पुजा आचार्यसहित तीन वर्षीया छोरी, सूर्यबहादुर कार्की र भोजराज अधिकारी, लेटाङ नगरपालिकाका मेघा चेम्जोङ, शोना चेम्जोङ, देवीमाया तामाङ, पासाङ तामाङ, रंगेली नगरपालिका-६ का सुरज मण्डल, पथरी सनिश्चरे नगरपालिका-७ की रिचा निरौला, विराटनगर एयरपोर्ट मोडका सचिन गौतम र विराटनगर-१ का दुर्गाप्रसाद पोखरेल छन् ।

***चीन.....*** माध्यमले जनाएको छ । केरुङ क्षेत्रमा जारी उद्धार कार्यलाई थप प्रभावकारी बनाउन चीनले आफ्नो अत्याधुनिक भूउपग्रह प्रविधिको समेत प्रयोग गरिरहेको पनि समाचारमा उल्लेख छ ।

***कोशी....*** बाढीबाट सबैभन्दा बढी सोलुखुम्बुका नागरिकहरू प्रभावित भएका छन् । सोलुका कुल ४२ जनामध्ये ३९ जना अझै सम्पर्कविहीन छन् । यस्तै, उदयपुरका १६, मोरङका १६ र सुनसरीका १६ जना अझै सम्पर्कमा आउन बाँकी छन् ।

यस्तै झापाका १०, इलामको ९, खोटाङको १०, ओखलढुंगाका १९, ताप्लेजुङका २ जना सम्पर्कविहीन छन् । यस्तै पाँचथर र संखुवासभाका क्रमशः १ र ३ जना अझै सम्पर्कविहीन हुँदा भोजपुर र धनकुटाका क्रमशः ३ र २ जना सम्पर्कविहीन छन् । तथ्याङ्क अनुसार तेह्रथुमका भने कोही पनि बेपत्ता भएको देखिएको छैन । हाल सम्पर्कमा नआएका १४५ जनाको खोजी कार्य जारी रहेको र सुरक्षा निकाय तथा स्थानीय प्रशासनले उद्धार र खोजीलाई तीव्रता दिएको बताइएको छ ।

***गोरख गण.....*** बगेका व्यक्तिको खोजीका लागि नेपाली सेनाले उपलब्ध प्रविधि र जनशक्तिको प्रभावकारी प्रयोग गर्दै खोजी तथा उद्धार कार्यलाई तीव्रता दिएको हो । चितवन राष्ट्रिय निकुञ्जको संरक्षण तथा सुरक्षामा नियमित रूपमा खटिँदै आएको नयाँ गोरख गणले विपद्को समयमा समेत स्थानीय नागरिकको उद्धार, शव खोजी तथा व्यवस्थापनमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ । निकुञ्ज संरक्षणसँगै विपद्मा परेका नागरिकको उद्धार र मानवीय सेवामा समेत सेना जनताको साथमा रहेको सन्देश नयाँ गोरख गणको सक्रियताले दिएको छ ।

***रवि.....*** परिचालन संयन्त्रलाई निर्देशन दिएका छन् । पालिका प्रमुखहरूले बाढीमा फसेकाको उद्धार, शव व्यवस्थापन तथा राहतका साथै सडक, पुल, विद्युत्लगायत तत्काल आवश्यक पूर्वाधारको विषयमा ध्यानाकर्षण गराएका छन् ।

'पालिका प्रमुखहरूले खासगरी शव व्यवस्थापन, बाढीमा फसेकाहरूको जीवित उद्धार तथा राहत, बाटो, पुल, बिजुलीलगायत कनेक्टिभिटीसँग सम्बन्धित विषय तत्काल आवश्यक रहेको बताए । जवाफमा सभापतिले सरकारसँग समन्वय गरी यी विषयमा कसरी उद्धार, राहत र व्यवस्थापन गर्न सकिन्छ, त्यसबारे सरकारसँग कुरा गर्ने बताएका छन् । लामिछानेले आइतबार बागमती प्रदेशका मुख्यमन्त्रीसँग पनि छलफल गरेका थिए । सरकारले यसअघि नै भोटेकोशी बाढीबाट प्रभावित १५ वटा स्थानीय तहलाई आगामी तीन महिनाका लागि 'विपद् संकटग्रस्त क्षेत्र' घोषणा गरिसकेको छ ।










◆ प्रधान सम्पादक/प्रकाशक: गञ्जबहादुर दाहाल, ◆ कार्यकारी सम्पादक: खगेन्द्र कार्की ◆ सहसम्पादक: विमल लामिछाने ◆ बजार व्यवस्थापक: केशव खनाल ◆ लेआउट: सुरेन बस्नेत
कार्यालय: दमक-५, झापा, फोन: ०२३-५७०२७२,
मुद्रण: ज्योति अफसेट प्रेस,
E-mail:purbasandesh@yahoo.com